प्रमाणित
[signature]
रोमराज सेवदी
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक संख्या :- १०९

बैठक मिति :- २०७८।०७।०३

अध्यक्षता :- नगर प्रमुख श्री द्वारिकलाल चौधरी

**निर्णय नं. १**

यही मिति २०७८।७।१ र २ गते परेको अविरल वर्षाका कारण आएको भिषण बाढी र डुवानवाट मृत्यु भएका व्यक्तीहरु प्रति हार्दिक समवेदना व्यक्त गर्दै शोक सन्तब्ध परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछौ साथै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ । बाढी डुवानवाट प्रभावित व्यक्तीहरुको उद्दार, हराएका व्यक्तिहरुको खोजी र पुर्नस्थापनाका लागि सरोकारवाला सबैमा सहभागिताका लागि अनुरोध गर्दछौं साथै मृतकका परिवारहरुलाई काजक्रिया खर्च वापत प्रति परिवार रु २५,०००।- (पच्चिस हजार) का दरले राहत स्वरुप विपद व्यवस्थापन कोष वाट उपलब्ध गराउने निर्णय गरियो

**निर्णय नं. २**

यही मिति २०७८।७।१ र २ गते परेको अविरल वर्षाका कारण आएको भिषण वाढीबाट भएको क्षति र विस्थापित परिवारलाई आकस्मिक रुपमा उद्धार कार्यमा लाग्नु हुने सुरक्षाकर्मी, समाजिक संघ संस्था, उद्योगी व्यवसायी, संचारकर्मी लगायत आम नागरिकहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

यही मिति २०७८।७।१ र २ गते परेको अविरल वर्षाका कारण आएको भिषण बाढी वाट भएको क्षति र विस्तापित, प्रभावित परिवारहरु, व्यक्तीलाई अल्पकालिन र दिर्घकालिन रुपमा राहत स्वरुप सहयोग गर्न इच्छुक सरकारी, गैरसरकारी, संघ संस्था उद्योगी व्यवसायी, व्यक्ति व्यक्तित्वहरुले नगर स्तरीय विपद् व्यवस्थापन समितिमा नगद सहयोग उपलब्ध गराउनका निम्ती आव्हान गर्ने साथै नगर प्रमूखवाट १ महिनाको तलव, जनप्रतिनिधिहरुवाट ७ दिनको तलव तथा नगरपालिका अन्तर्गतका कर्मचारी र शिक्षकहरुबाट कार्यालय सहयोगी र सफाई कर्मचारीहरुको ३ दिन र अन्य कर्मचारीहरु ५ दिनको तलव उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं ४**

यही मिति २०७८।७।१ र २ गते परेको अविरल वर्षाका कारण आएको भिषण बाढी बाट भएको क्षति र विस्थापित सदस्य, प्रभावित परिवारहरु, व्यक्तीलाई तत्काल राहत र उद्दारको लागी वडा बाट माग भई आएका वडाहरुमा खाना तथा वसोवासका लागि रु १०००००। (एक लाख) पेश्की उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं ५

यही मिति २०७८।७।१ र २ गते परेको अविरल बर्षाका कारण आएको भिषण बाढी बाट विभिन्न वडामा भएको भौतिक संरचनाहरुको क्षतिको लगत संकलन गरी लागत स्टमेट गरी आवश्यक्ता अनुसार मर्मत संभार गर्ने निर्णय गरियो ।

निर्णय नं ६

आ.ब. २०७७।०७८ सडक बोर्ड नेपालबाट प्राप्त सडक मर्मत सम्भार कार्यक्रम अनुसार यस इटहरी उपमहानगरपालिका अन्तर्गत सञ्चालित दुई वटा योजनाहरु विश्व व्यापी कोविड महामारी र बेमौसमी विपद् २०७८ कार्तिक १ र २ गते आएको बाढीबाट ती योजनाहरु ठाउँ ठाउँमा क्षेतीग्रस्त भएको हुँदा उक्त योजनाहरु सम्पन्न गर्न सडक बोर्ड नेपाल, मिन भवन, काठमाडौं सँग २०७८ चैत्र मसान्त सम्म म्याद थप गरी दिन माग गर्ने निर्णय गरियो ।